# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको हालको अवस्था

## (२०८३/०५/२० विहान १०:०० बजे)

१. हालसम्म पनि सम्पर्क विहिन कम्पनीका नियमित कर्मचारी ५१ जना, संचालक १ जना, दैनिक ज्यालादारी कामदार २ जना र तीनवटा ठेकेदार कम्पनीका ३९ जना गरी जम्मा ९३ जनाको खोजी तथा उद्दार कार्य जारी रहेको।

२. Mini Excavator र ठूलो Diesel Generator बाहेकका सामाग्रीहरू (6.5KVA-Diesel Generator, Submersible Pumps, Hose Pipe तथा सो संग सम्बन्धित विजुली लगायतका अन्य सामाग्रीहरू) मौसम खरावीका कारण १९ गते विहान ११:२० बजे मात्र धुन्चे पठाउन सम्भव भएको।

३. खोजी तथा उद्धारमा आवश्यक सम्पर्क समन्वय गर्न नुवाकोटको बट्टारमा सिनियस इञ्जिनियर सहित २ जना, रसुवाको धुन्चेमा २ जना इञ्जिनियर, विद्युतगृह (Powerhouse) उद्दार टोलीलाइ विद्युतिय जडान कार्यमा सहयोग गर्न १ जना इलेक्ट्रिकल ओभरसियर र १ जना कम्पनीका पुर्व कर्मचारी सिनियर जियोलोजिस्ट (Geologist) श्री विष्णु शिवाकोटीलाई समेत तयारी अवस्थामा राखिएको।

४. अहिले विहान नेपाली सेनाको उद्दार टोलीबाट आयोजना स्थलको रेकी भएपछि ९:२० देखि ९:५० बजे सम्ममा आवश्यक सामाग्रीहरू तथा सिनियर जियोलोजिस्ट श्री विष्णु शिवाकोटी सहितको सेनाको उद्दार टोली रहेको ३ वटा हेलिकप्टर विद्युतगृह तर्फ प्रस्थान गरेको र तत्काल अर्को एउटा उडानको तयारी भइरहेको जानकारी धुन्चेबाट प्राप्त भएको।

५. विद्युतगृह (Powerhouse) भन्दा बाहिरबाट सम्पर्क विहिन भएकाहहरूको खोजी तथा उद्दारका लागि कम्पनीको आफ्नै प्रयत्नबाट परिचालन गरिएको Nepal National Mountain Guide Association संग सम्बन्धीत दक्ष/अनुभवी जनशक्ति (rock climbers) मार्फत घट्टेखोला क्याम्प र सो क्षेत्र माथि थप Ground Search गर्ने गरी सम्झौता गरिएको Himalaya Summit Club Pvt. Ltd. टोलीबाट टिमुरेमा सर्च गरि हिजो १९ गते करिव ४ बजे हेलिकप्टरबाट घट्टे खोला गई उक्त क्षेत्रमा खोजी जारी रहेको। निजहरूबाट हिजो १९ गते बेलुकी भएको रिपोर्टिङ अनुसार सो समय सम्ममा कुनै पनि कर्मचारीहरूको अवस्था जानकारी नभएको। र आज विहान ७:३० बाट शुरू भएको खोजी कार्यको जानकारी आउन बाँकी रहेको।

६. कम्पनीका कर्मचारीहरू तथा सम्पर्क हुन नसकेका जलविद्युत केन्द्रका कर्मचारीहरूका परिवार/ आफन्तजनहरूलाई घटनाको अवस्थाबारे छिटो तथा नियमित रूपमा जानकारी उपलब्ध गराउने उद्देश्यले **WhatsApp Group** हरू स्थापना गरि उक्त माध्यमबाट उपलब्ध जानकारी, खोज तथा उद्धारका क्रममा प्राप्त विवरण तथा प्रयासहरूबारे कम्पनीका संचालकहरू समेत नियमित रूपमा कार्यालयमा उपस्थित भई जानकारी गराउने व्यवस्था मिलाइएको। साथै सो माध्यमबाट प्राप्त सूचना, गुनासो तथा सुझावहरूबाट थप कार्यहरू गर्न समेत सहयोग पुगेको।